# स्वास्नीमान्छे नाटकमा आमूल नारीवाद

**साधना पन्त ‘प्रतीक्षा’**
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
Email: pratikshagunjan@gmail.com
DOI: 10.3126/nutaj.v8i1-2.44121

## लेखसार

*बालकृष्ण समको स्वास्नीमान्छे नाटकमा नारी पात्रको केन्द्रीयता रहेको छ । यस नाटकको प्रमुख भूमिकामा पनि नारी पात्रहरू नै रहेका छन् । ती नारी पात्रहरू पितृसत्तात्मक उत्पीडनको पृष्ठभूमिबाट उठेर त्यसप्रति अत्यन्त विद्रोही पनि देखिएका छन् । त्यसैले उनीहरूले नारीराज्य खडा गरेर पुरुषलाई दोस्रो स्थानमा राखेका छन् । यति मात्र होइन, उनीहरू पुरुषको भाव परिवर्तन गरेर उनीहरूमा नारी गुण प्रत्यारोपण गर्न समेत उद्दत देखिएका छन् । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको हो । यसमा नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गत आमूल नारीवादी चिन्तनका आधारमा स्वास्नीमान्छे नाटकको विश्लेषण गरिएको छ । आमूल नारीवादी मान्यताले नारीउत्पीडनको प्रमुख कारकतत्त्वका रूपमा पितृसत्तालाई मानेको छ । यसमा आमूल नारीवादी मान्यताअन्तर्गत पितृसत्तात्मक उत्पीडन एवम् नारीविद्रोहका आधारहरू प्रस्तुत गरिएको छ । यसै आधारमा स्वास्नीमान्छे नाटकका नारी पात्रहरूले भोलेका उत्पीडन तथा सोही उत्पीडनको पृष्ठभूमिबाट उनीहरूले गरेको विद्रोहको निरूपण प्रस्तुत लेखमा गरिएको छ । स्वास्नीमान्छे नाटकमा पितृसत्तात्मक उत्पीडनका केकस्ता सन्दर्भहरू छन् र सो नाटकमा आमूल नारीवादी विचारको अभिव्यक्ति कसरी गरिएको छ भन्ने समस्याको प्राज्ञिक समाधान खोज्नु यस लेखको उद्देश्य रहेको छ । यो लेख साहित्यिक भएको हुनाले यसमा सोहीअनुरूप पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी विश्लेषणात्मक विधिबाट तिनको विश्लेषण गरिएको छ । ‘स्वास्नीमान्छे’ नाटकको सामाजिक परिवेशको आरम्भमा पितृसत्तात्मक उत्पीडनको प्रस्तुति गरिएको र तत्पश्चात् विद्रोही र पहिचानमुखी नारी पात्रहरूको उपस्थिति गराएर नारीपुरुषबिच द्वन्द्वको अवस्था सिर्जना गरेर आमूल नारीवादी विचारको अभिव्यक्ति गरिएको निष्कर्ष पनि यसमा निकालिएको छ ।*

**शब्दकुञ्जी** : आमूल, उत्पीडन, पितृसत्ता, लैङ्गिक, विद्रोह

## विषयपरिचय

बालकृष्ण सम (वि.सं.१९५९–२०३८) नेपाली साहित्यमा नाट्य-सम्राट्का रूपमा स्थापित छन् । नेपाली नाट्य-साहित्यमा उनको उपस्थिति सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले उच्च छ । वि.सं. १९७७ मा *मिलिनद* नाटक लेखेर आरम्भ भएको उनको नाट्य-यात्रा *ऊ मरेकी छैन* (२०३५) सम्म कायम रहेको देखिन्छ । उनका सबैजसो नाटकहरूको सामाजिक परिवेश पुरुषकेन्द्री देखिएको छ । पुरुषप्रधान संस्कृतिका कारण ती नाटकहरूमा

नारी पात्रहरू विभिन्न प्रकारका उत्पीडन भोल्न बाध्य देखिएका छन् । *स्वास्नीमान्छे* (२०३३) नाटकमा मात्र समले पितृसत्ताको पृष्ठमूमिबाट उठेर केन्द्राभिमुख भएका नारी पात्रहरूको उपस्थिति गराएका छन् । ती नारी पात्रहरूले समाजका हरेक क्षेत्रमा आफूलाई प्रथम तथा पुरुषलाई दोस्रो दर्जामा राखेका छन् । त्यसैले यो नाटक आमूल नारीवादी कोणबाट विवेच्य देखिएको छ ।

समाज विकासको प्रारम्भिक चरणमा मानव केवल प्राकृतिक लिङ्गका आधारमा मात्र छुट्टिएका थिए । त्यसबेला मान्छे-मान्छेका बिच कुनै विभेद थिएन । मानव सभ्यताले विकासका विभिन्न चरणहरू पार गर्दै जाने क्रममा महिला र पुरुषले निर्वाह गरेको भूमिकाका आधारमा उनीहरूबिच विभेदका रेखाहरू कोरिँदै जान थाले । प्रजनन् गुण तथा सन्तानप्रतिको दायित्व, त्यसका लागि उनीहरूले निर्वाह गर्नुपर्ने घरेलु एवम् पारिवारिक भूमिकाका कारण महिलाहरू कमजोर मानिन थाले । यसको विपरीत महिलाको सुरक्षा, परिवारको दायित्व निर्वाहको बाहिरी भूमिका तथा आर्थिक स्वामित्वका कारण पुरुषहरू बलिया हुन थाले । महिला घरपरिवारमा सीमित बन्दै गए भने पुरुष सामाजिक परिवेशमा विस्तारित हुँदै गएको तथ्य समाज विकाससम्बन्धी अध्ययनहरूले देखाएका छन् । पुरुषप्रधान संस्कृतिले स्थापित पितृसत्तात्मक मूल्यका कारण महिलामाथि पुरुषको आधिपत्य कायम हुन थाल्यो । फलस्वरूप महिला अनेक प्रकारका उत्पीडिन र विभेद भोल्न बाध्य बने । यसै सन्दर्भमा पाश्चात्य जगत्‌बाट आरम्भ भएको महिला अधिकारको राजनीतिक आन्दोलन साहित्यमा नारीवादका नामले स्थापित भयो । नारीवादका विभिन्न धारा वा मान्यताअन्तर्गत आमूल नारीवादी मान्यता पनि एक हो । यसले नारी अस्तित्व र पहिचानका सन्दर्भमा सुधारको नभई परिवर्तनको बाटो रोजेको छ । महिलाले भोल्ने हरेक प्रकारका उत्पीडनको मूल कारक पितृसत्तालाई मान्दै यसले पुरुषनिषेधित समाजको परिकल्पनासमेत गरेको छ । यसप्रकारको परिकल्पना *स्वास्नीमान्छे* नाटकका नारी पात्रहरूले सिर्जना गरेको नारीराज्य प्रमिलापुरीमा देखिन्छ । त्यस नारीराज्यको सबै पक्षमा नारीहरूकै वर्चस्व देखिएको छ र पुरुष दोस्रो दर्जामा रहेका छन् । त्यसैले प्रस्तुत लेखमा *स्वास्नीमान्छे* नाटकलाई आमूल नारीवादी मान्यताअन्तर्गत विश्लेषण गरिएको छ ।

*'स्वास्नीमान्छे'* नाटकमा पितृसत्तात्मक उत्पीडनको प्रस्तुति कसरी गरिएको छ र सो उत्पीडनको पृष्ठभूमिबाट आमूल नारीवादी विचारको अभिव्यक्ति कसरी गरिएको छ भन्ने समस्याको प्राज्ञिक समाधान खोज्ने उद्देश्य यस लेखमा राखिएको छ । *'स्वास्नीमान्छे'* नाटकको अन्य कोणबाट अध्ययन-विश्लेषण गरिएको भए पनि नारीवादी सैद्धान्तिक मान्यताका आधारमा अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । यसै रिक्ततालाई पूरा गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको हो ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान साहित्यिक भएको हुनाले यसका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ र विश्लेषणात्मक विधिबाट ती सामग्रीको विश्लेषण गरिएको छ । समको *'स्वास्नीमान्छे'* नाटकलाई आधार सामग्रीका रूपमा लिइएको छ । नारीवादी सैद्धान्तिक मान्यताअन्तर्गतको आमूल नारीवादी विचारलाई विश्लेषणको सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । उपर्युक्त सैद्धान्तिक आधारमा नाटक विश्लेषणका लागि यसप्रकारको ढाँचा तय गरिएको छ–

(क) पितृसत्तात्मक उत्पीडन

(ख) आमूल नारीवादी विचार

## नारीवादी मान्यताअन्तर्गत आमूल नारीवादी सैद्धान्तिक आधार

परिवार तथा समाजका हरेक पक्षमा पुरुषको स्थान प्रमुख मानिने सामाजिक संरचनालाई पितृसत्ता भनिन्छ । यसअन्तर्गत महिला दोस्रो दर्जामा रहेका हुन्छन् । पितृसत्ता भनेको परिवारको बुज्रुक पुरुषको सत्ता अथवा शासन

हो भन्दै कमला भासीनले सिल्विया वैल्वीको कृति *थियोराइजिङ पेट्रियार्की*मा उल्लिखित भनाइलाई यसरी प्रस्तुत गरेकी छन्– यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जसअनुसार पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्दछ तथा दमन शोषण गर्दछ (भासीन, सन् १९९८, पृ. ५) । पितृसत्ताले महिलाको जीवनका विविध पक्षका साथै महिलाको प्रजनन् शक्ति तथा यौनिकतामाथि पनि नियन्त्रण गर्छ भन्ने विचार उनले राखेकी छन् ।

पितृसत्तात्मक समाजको पारिवारिक संरचनाभित्रका नारीहरूको यौनिकता तथा महिलाको लैङ्गिक पहिचानको नयाँ किसिमले व्याख्या गर्दै विकसित आमूल नारीवादले पितृसत्ताबाट पीडित महिलाहरूले त्यसको सामना गर्नका लागि प्राकृतिक लिङ्गको भूमिकामा समेत विकल्पको खोजी गर्नुपर्ने धारणा राख्दछ । पुरुष प्रभुत्व तथा तत्जन्य उत्पीडनबाट मुक्ति पाउनका लागि महिलाहरूको मात्रै छुट्टै परिवार तथा समाज निमार्ण गर्ने उनीहरूको विद्रोही सोचले प्रचलित सामाजिक संरचनाकै विनिर्माण गर्ने हुनाले यसलाई पृथक्तावादी दृष्टिकोण भनी आलोचना पनि गरिएको पाइन्छ ।

अमेरिकामा केट मिलेटको *सेक्सुअल पोलिटिक्स* (सन् १९७०) को प्रकाशनसँगै नारीवादमा एउटा नयाँ विचारधाराको प्रसार भएको मानिन्छ । सुधारमा भन्दा क्रान्तिमा विश्वास राख्ने मिलेटले पितृसत्तामा नारीको शोषितपीडित अवस्थाको उजागर गरेकी छन् । उक्त पुस्तकमा मिलेटले समाजमा स्थापित पितृसत्ता तथा त्यसभित्र रहेको महिला उत्पीडनप्रति विद्रोही भाव व्यक्त गरेको पाइन्छ–

> परम्परागत रूपमा पितृसत्ताले बाबुलाई महिला तथा बालबालिका माथिको सबैजसो अधिकार प्रदान गरेको छ । शारीरिक हिंसालगायत बेचबिखनदेखि सबैखाले हिंसा गर्नेसम्मको छुट उसलाई दिएको देखिन्छ । यहाँ बाबुलाई नातासम्बन्धभित्र निर्माता र मालिकका रूपमा अधिकार प्रदान गरिएको हुन्छ । वंशानुगत रूपमा हेर्दा सबै सम्बन्धहरू मातृत्वका आधारमा नभएर पितृत्वका आधारमा निर्माण गरिएको पाइन्छ । वंशाणुगत रूपमा नै मातृत्वका आधारमा सम्पत्तिमाथिको अधिकार र सामाजिक पहिचान दिइएको पाइँदैन (मिलेट, सन् २००० : ३३-३४) ।

आमूल नारीवादीहरू समाजका प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनप्रति विद्रोह गर्दै परिवर्तनको माग गर्दछन् । त्यसैले उनीहरू परिवार तथा समाजमा पुरुष विरूद्धका सम्भावनाहरूका बारेमा पनि चर्चा गर्ने गर्दछन् । यसैगरी बोक्सी, विधुवा, छोरी भ्रूणहत्यादेखि विज्ञापनमा महिलाको देहप्रदर्शन, यौनपर्यटन, महिला सौन्दर्य प्रतियोगिता, अश्लील सामग्री प्रचारमा महिला संलग्नता आदिलाई पितृसत्ताकै उपज ठान्दै त्यसको ठाडो विरोध गर्दछन् । आमूल नारीवादीहरूले पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाहरूमाथि हुने सामाजिक, सांस्कृतिक, यौनिक आदि विभिन्न पक्षीय शोषण-उत्पीडनका विरुद्ध विद्रोह गरेको देखिन्छ ।

समाजमा स्थापित धार्मिक तथा सांस्कृतिक मूल्य-मान्यताभित्र प्रायः महिलावर्ग विभेदित र उत्पीडित हुने गर्दछन् भन्ने धारणा नारीवादीहरूले राख्ने गर्दछन् । आमूल नारीवादी मेरी डेलीका धारणा तथा कार्यलाई महिला आधिकारिकताको पुनः प्राप्तिको सम्भावनासँग जोडेर हेरिने गरिन्छ । उनको महत्त्वपूर्ण पुस्तक *बियोन्ड द गड फादर : टुवार्ड अ फिलसफी अफ उमन्स् लिबरेसन* (सन् १९७३) हो । यसमा उनले भगवान्लाई सबै पितृसत्ताहरूको प्रतिमानका रूपमा लिएकी छन् । उनका अनुसार जबसम्म यसलाई पुरुष र महिलाको चेतनाबाट निकाल्न सकिँदैन महिलाहरूको पूर्ण मानवका रूपमा सशक्तीकरण हुन सक्दैन (टङ, सन् १९८९ : १०२) । संसारका सबैजसो धार्मिक तथा सांस्कृतिक मूल्यमान्यताहरू पुरुषद्वारा स्थापित भएका हुनाले यसमा महिलाको स्थान नगन्य देखिन्छ । त्यसैले धर्म-संस्कृतिका माध्यमबाट महिलावर्ग बढी प्रताडित हुने गर्दछन् ।

यसै सन्दर्भमा आमूल नारीवादी विचारधाराकी मेरी डेलीले सम्पूर्ण धर्महरू पितृसत्तात्मक विषयका रूपमा प्रस्तुत भएको धारणा राख्छिन् । उनले पुरुषकेन्द्री विश्वदृष्टिलाई महत्त्व दिँदै महिला अनुभूतिलाई बेवास्ता गर्ने

क्रिस्चियन लगायतका पुलिङ्गकेन्द्री पुराकथाहरूको खोजी गरेर तिनमा निहित विभेदकारी यथार्थको उजागर गरेकी छन् । उनले महिलाका अनुभव तथा ऐतिहासिक सत्यलाई ओझेलमा पार्न बनाइएका झुटा कथाहरूको प्रतिवाद गर्दै वास्तविकता प्रस्तुत गरेकी मात्र नभई पितृसत्ताले लुकाएका र उल्ट्याएका यथार्थको पुनः आविष्कार गर्नुपर्नेमा जोड दिएको देखिन्छ (म्याडसेन, सन् २०० : १६३-१६४) । पितृसत्ताले महिलाको गरिमामयी यथार्थहरूलाई धर्म-संस्कृतिका नाममा लुकाएर विभेदकारी संस्कृति स्थापना गरेकोमा नारीवादीहरूले विद्रोह गरेको देखिन्छ ।

पितृसत्ताले महिलाको यौनिकतामाथि नियन्त्रण गर्नुका साथै उनीहरूको यौनशोषण गर्दछ भन्दै नारीवादीहरू यसको विरोध गर्दछन् । विशेषगरी आमूल नारीवादीहरू महिलाको यौनिकताप्रति सचेत देखिनुका साथै उनीहरूमाथि हुने यौनशोषणप्रति विद्रोह गर्दछन् । महिलालाई यौनजन्य उपभोग्य वस्तु ठान्ने परम्पराप्रति आक्रामक देखिने आमूल नारीवादी सिद्धान्तको केन्द्रमा विषमलिङ्गी बिचको वैवाहिक संस्थापनले महिलालाई पुरुषको अधीनस्थ बनाएको विचार स्थापित देखिन्छ । एन्ड्रिया दोर्किनले त महिला स्वतन्त्रता तथा मुक्तिका लागि महिला पुरुषबिचको पुनर्उत्पादन सम्बन्धलाई नै निषेध गरी पुनर्उत्पादनका लागि विषमलिङ्गी विवाह नभई प्रविधिको प्रयोग गरिनु पर्ने धारणा राखेकी छन् । आमूल नारीवादी मतानुसार यौनिकताकै कारण महिला दमित छन् । जैविक आधारमा महिलामाथि पुरुषले दमन गर्दै आइरहेको छ ।

## 'स्वास्नीमान्छे' नाटकमा प्रस्तुत पितृसत्तात्मक उत्पीडन

स्वास्नीमान्छे नाटकमा दुई प्रकारको सामाजिक परिवेशको प्रस्तुति रहेको छ – पहिलो यथार्थमा आधारित समाज र दोस्रो नाटककारको कल्पनामा आधारित काल्पनिक समाज । यथार्थ सामाजिक परिवेशमा पितृसत्तात्मक मूल्य स्थापित भएको पाइन्छ भने काल्पनिक सामाजिक परिवेश मातृसत्तात्मक देखिएको छ । नाटकको आरम्भमा पितृसत्तात्मक मूल्यद्वारा निर्देशित परिवेशको प्रस्तुति रहेको छ । पहिलो अङ्कको पहिलो दृश्यमा नै पितृसत्तात्मक सामाजिक संरचनाभित्र महिलाहरूले झेल्ने उत्पीडनको प्रस्तुति गरिएको छ ।

चोभारको गुफा नजिकै खोलामा केही युवाहरू पौडी खेलिरहेका हुन्छन् । खोलापारि किनारैकिनार एउटी वृद्धा डराई डराई हिँडिरहेकी देखिन्छिन् । ती युवाहरू आफ्नो खेल छोडेर ती वृद्धालाई सताउन पुग्छन् । उनीहरू अनेक अपशब्द बोल्दै तिनलाई समाउन थाल्छन् । "अलच्छिनी बुढी उः उः आइपुगी ! ....त्यस्स्यामा पातर्नी बुढी ! आ ! ए ! ...समात्, समात्, पक्री त्यस बुढीलाई (पृ.१) !" भन्दै ती बुढीलाई लखेट्न थाल्छन् । उनी भाग्दै गरे पनि एउटाले समातिहाल्छ । उनीहरूले तिनलाई बोक्सी भन्दै खोलामा पौडन दबाब दिन्छन् । उनले आफूलाई पौडन आउँदैन भन्छिन् तर तिनीहरूले मान्दैनन् र अनेक गाली-गलौज गर्दै बुढीलाई खोलामा धकेलिदिन्छन् । उनी ज्यान जोगाउन जानी नजानी पौडन थाल्छिन् । केटाहरू रमाइलो मानेर तमासा हेरिरहन्छन् ।

उपर्युक्त सन्दर्भले नाटकको सामाजिक परिवेशमा स्थापित पितृसत्तात्मक मूल्य तथा त्यसबाट सिर्जित नारीउत्पीडनको प्रस्तुति गरेको छ । घरपरिवार तथा समाजमा रहेको महिलाप्रतिको नकारात्मक दृष्टिकोणको प्रभाव ती हुर्कँदै गरेका युवाहरूमा परेको हुनाले उनीहरू पनि महिलाप्रति उत्पीडक बन्न पुगे । पुरुषप्रधान समाजमा महिलाको जीवनको कुनै मूल्य नहुने, ऊ पुरुषको अधीनमा रहनुपर्ने, जुनसुकै उमेर-अवस्था तथा नाता सम्बन्धको भए पनि उसले महिलामाथि हैकम जमाउन सक्ने परिपाटीका कारण ती युवाहरूले एउटी पाको उमेरकी महिलालाई दुःख दिएर उसको पीडालाई आफ्नो मनोरञ्जनको साधन बनाएका छन् ।

मुस्किलले पौडेर ज्यान जोगाउन सफल ती झँक्रिनी बुढी पारि पुगेर आफूमाथि सहानुभूति राख्ने अधबैँसे व्यक्तिसँग त्यसको आक्रोश पोख्न थाल्छिन् । उनको भनाइमा परापूर्वकालदेखि स्थापित पितृसत्ता सधैँभरि महिलाका लागि उत्पीडनकारी रहेको छ । उनको प्रस्तुत अभिव्यक्ति यसको साक्ष्य बनेको छ–

> लोग्नेमान्छेको आपस्तमा जस्तोसुकै टेकाटेक होस्न स्वास्नीमान्छेको कुरा पर्नेबित्तिकै उनीहरूको एकाएक हुन्छ - अरूको के कुरा लोग्नेमान्छेको आज्ञा पालन गरेर परशुराम जस्ता पनि आफ्नै आमालाई काट्न तयार भए; राम जस्ताले समेत लोग्नेमान्छेको मर्यादा पालन गर्न स्वास्नीलाई निकालिदिए; कृष्ण जस्ताले स्वास्नीमान्छे गोठाल्नीहरूलाई जबानीको पुतलीजस्तै खेलाएर फालिदिए ! त्यही सिको गरेर होला अरूसित वनमा जुहारी खेल्न गएँ रे भनिकन मेरो बाबुले गाला फोडेको; त्यहाँदेखि म यो देब्रे कान पटक्कै सुन्दिनँ (पृ.३) ।

पितृसत्ताभित्र परिवारको सर्वेसर्वा बाबु हुन्छ र उसलाई परिवारका महिला सदस्यमाथि जस्तोसुकै अन्याय र विभेद गर्ने छुट हुन्छ भन्ने आमूल नारीवादी केट मिलेटको मत भँक्रिनी बूढीको भोगाई तथा अभिव्यक्तिमा पाइन्छ । उनको बाबुले पैसाको लोभमा ६० वर्षको कुरूप बुढोसित दुईओटी सौतामाथि उनको बिहे गरिएिको हुन्छ । त्यस बुढाले रक्सीले मातेर दाउराले हानेर उनलाई भण्डै मारेको । उनको आङमा त्यो घाउको खत अझै रहेछ । उनी पतिबाट मात्र उत्पीडित भएकी छैनन् छोराले पनि उस्तै पीडा दिएको छ । पतिको मृत्युपछि अनेक कष्ट सहेर हुर्काएको छोराले जबान भएपछि आमालाई हेला गरेको छ । यति मात्र होइन, पसल गएको बेला घरमा चोर पसेर सामान चोरी भएकोमा छोराले आमालाई दोषी मान्दै अनेक गाली गरेर टाउकोमा हानेको हुनाले उनले त्यो खत पनि देखाएकी छन् । आफ्नी आमालाई हान्न कसरी हात उठेको होला भन्ने अधबैंसेको प्रश्नको जबाफ उनले यसरी दिएकी छन्–

> बाबु, पेटमा बस्दा लात हान्ने, जन्मँदा पनि मरणान्त दुःख दिने, जन्मिसकेपछि पनि छाती टोकेर रगत चुस्ने बानी लागिसकेकोले थारीलाई हात छोड्न के बेर मान्थ्यो ! - दुध दिन छोडिसकेको थून काटे बरु रगतसम्म आउँछ ! ... के गर्नु मसित कोही चखुँती-बखुँतीको त्यस गुफाभित्र आए त म देखाइदिन्थैँ स्वास्नीमान्छेको पुरुषार्थ, अनि थाहा पाउँथे को के के कहाँसम्म गर्न सक्तोरहेछ, अनि हेला गरेको स्वाद पछिपरन्तुलाई (पृ.५) ।

उनको प्रस्तुत अभिव्यक्तिमा महिलाप्रति अनुदार तथा उत्पीडनकारी पुरुषप्रवृत्तिप्रति आक्रोश देखिएको छ । उनका अनुसार पुरुष जन्मनुपूर्वदेखि अर्थात् आमाको गर्भमा रहँदादेखि नै नारीप्रति पीडक हुन्छन् । जन्मपूर्व नै आमालाई दुःख दिने पुरुष बालक हुँदा पनि त्यस्तै पीडक हुन्छ अनि वयस्क भएपछि त उसले जुनसुकै नाताको भए पनि नारीमाथि शासन गर्न थाल्छ । उनले व्यक्त गरेको चखुँती-बखुँतीको गुफाभित्र कोही आए स्वास्नीमान्छेको पुरुषार्थ देखाइदिन्थैँ भन्ने भाव उत्पीडनकारी संस्कृतिप्रतिको प्रतिशोधी भाव हो । यसले उत्पीडनको पृष्ठभूमिबाट जन्मेको विद्रोहतर्फ सङ्केत गरेको छ ।

यसैगरी उनको अर्को भनाइ "संसारमा स्वास्नीमान्छेमाथि कति अन्याय भएको रहेछ यहाँ ! स्वास्नीमान्छेले नै राम्ररी सम्झन सकेका छैनन्, भ्याए पो सम्झनु (प.५) !" ले पनि पुरुषबाट महिलाले पाएका असङ्ख्य उत्पीडनतर्फ नै सङ्केत गरेको छ । यसबाट के प्रस्टिन्छ भने समाजमा महिला यति धेरै पीडित छन् कि उनीहरू त्यसको लेखाजोखा गर्न समेत सक्षम छैनन् । उनीहरूलाई पितृसत्ताको जाँतोले यसरी थिचेको छ कि उनीहरू टाउको उठाएर आफ्नो जीवनको मूल्यबोध गर्न समेत सकिरहेका छैनन् । भँक्रिनी उत्पीडन तथा प्रतिशोध दुवैले प्रेरित पात्र हुन् ।

*स्वास्नीमान्छे* नाटकको आरम्भमा देखा परेकी अर्की नारी पात्र वनझँक्रिनीका सन्दर्भमा पनि पितृसत्तात्मक उत्पीडनको प्रस्तुति पाइन्छ । झँक्रिनी बुढीकी गुरुमाका रूपमा चखुँती-बखुँती गुफामा रहेकी उनी पनि विगतमा पतिको अत्याचारले पीडित पात्र हुन् र नाटकमा झँक्रिनीले अधबैँसेसँग चोभारमा घुम्न गएका पात्र बालकृष्णलाई स्वास्नीमान्छेको पौरख देखाउन भन्दै त्यस गुफाभित्र लगेपछि पातपतिङ्गरको थुप्रोभित्र तपस्यारत अवस्थामा वनझँक्रिनीको उपस्थिति गराइएको छ । आफूजस्तै आफ्नी गुरुमा पनि पतिको अत्याचार खेप्दाखेप्दै आजित भएर जङ्गल पसेको भन्दै झँक्रिनीले उनको विगतबारे भनेकी छन्– "यहाँ चाहिँ आफ्नो लोग्ने भनेर नखाई सती भएर उसलाई खुवाउने, ऊ चाहिँ अरूसित लागेर यहाँलाई हद दुःख दिने । दुःख दिँदा दिँदा केही सिप नलागीकन यहाँले कति गरी मोहनी सिकी उसलाई फकाएर तह लाइसकेपछि आफ्नै छोराले थाहा पाइकन बाबुलाई कुरा लाएर चुटाउँदा झन्नै ज्यान गएको । अनि जङ्गलमा भागेर त्यहाँलेखि प्रतिज्ञा गरेर यहाँले तपस्या गर्नुभएको" (पृ.१६) । उनका अनुसार वनझँक्रिनी पनि पुरुषद्वारा प्रताडित पात्र हुन् ।

झँक्रिनी जस्तै वनझँक्रिनी पनि पति तथा छोरा दुवै नाताका पुरुषबाट पीडित भएकी छन् । आफू पतिको सतमा रहँदा पनि पतिले अरूसँग लागेर दुःख दिएपछि उसलाई तह लगाउन उनले मोहनी विद्या सिक्छिन् तर त्यो कुरा छोराले थाहा पाएर बाबुलाई भनिदिन्छ । त्यसपछि उनले पतिबाट मरणान्त हुनेगरी कुटाइ पाउँछिन् । पितृसत्तात्मक संस्कार बाबुबाट छोरामा पनि सरेको हुनाले उनको छोराले आमाप्रति सहानुभूति नराखेर बाबुकै पक्ष लिएको छ । बाबुले आमामाथि गरेको अत्याचारलाई छोराले पनि पुरुषको अधिकारका रूपमा नै लिएको छ । महिला जस्तोसुकै उत्पीडन सहेर पनि पुरुषको अधीनमा रहनुपर्दछ भन्ने मूल्यबाट प्रेरित भएको हुनाले नै उसले बाबुद्वारा आफ्नै आमालाई कुटाएको छ । वनझँक्रिनीले बाबु-छोराको अत्याचारबाट आजित भएर वन पसेर तपस्या गरेकी हुन् ।

झँक्रिनी र वनझँक्रिनीले वनमा अनेक कष्ट सहेर बाह्र वर्षसम्म भ्यागुताको मासु र झारपात खाएर वनगुफामा बसेर तपस्या गरेको कुरा सुनेर बालकृष्णले तपस्या गरेपछि ईश्वरसँग भेट भयो त ? भन्ने प्रश्न गर्छन् । वनझँक्रिनीको जबाफ यस्तो हुन्छ– "हाम्रो ईश्वरलाई भेट्ने तपस्या हैन - स्वास्नीमान्छे र लोग्नेमान्छेको सम्बन्ध 'लोग्नेस्वास्नी'मा हैन 'आमाछोरा'मा सिद्ध गर्ने, स्वास्नीमान्छेलाई छोराको अत्याचारबाट बचाउने" (पृ.१६) । पितृसत्ताभित्र महिला सबैभन्दा बढी उत्पीडन परिवारभित्रै झेल्न बाध्य हुन्छे र यसको मुख्य कारण विषमलिङ्गी विवाह पद्धति हो । त्यसैले यस्तो विवाह पद्धतिलाई निषेध गरिनुपर्दछ भन्ने आमूल नारीवादीहरूको विचारजस्तै वनझँक्रिनी पनि नारी पुरुषको सम्बन्धलाई पति पत्नीको सम्बन्धमा नभई आमा छोराको सम्बन्धमा परिणत गर्न दृढ देखिएकी छन् । आमा छोराको सम्बन्धमा पनि आमाहरू छोराबाट प्रताडित हुने अवस्था भएको हुनाले छोराको अत्याचारबाट आमाहरूलाई मुक्त गर्ने उद्देश्यले पनि उनले तन्त्रसाधना गरेको देखिन्छ । उनीभित्र विकसित प्रतिशोधी भावनाको पृष्ठभूमि पितृसत्तात्मक उत्पीडन नै हो ।

नारी सृष्टिको मूल हो तर पनि पितृसत्तात्मक मूल्यभित्र उसको सम्मान हुँदैन । उसलाई दासीसरि व्यवहार गरिन्छ । पूर्वीय परम्परागत समाजमा मनुको भनाइ अनुसरण गर्दै नारीलाई प्रताडनाको अधिकारी ठानिन्छ । संसारमा सबै प्राणीलगायत मानिस आमाबाट जन्मिएर आमाद्वारा नै हुर्कन्छन् तर मानव जाति अति कृतघ्न भएर सोही आमाको अपमान गर्दछ । यसप्रकारको विभेदकारी संस्कृतिले पीडित देखिएका छन् *स्वास्नीमान्छे* नाटकका ती दुवै नारी पात्र । त्यसैले वनझँक्रिनी पुरुषप्रवृत्तिप्रति आक्रोशित देखिएकी छन् । उनले बालकृष्णसँग आफ्नो आक्रोश यसरी पोखेकी छन्– "हजारमा दुई चार जातिलाई जन्मेपछि आमाको प्रयोजन हुँदैन तर बाँकी सब जातिलाई आमा नभई हुँदैन । त्यही आमालाई हतकडी ? मनुलाई धन्यवाद .... लोग्ने मानिस टुङ्गेको बाटो अथवा जमेको रह, स्वास्नीमानिस अनन्त मार्ग अथवा निरवछिन्न बहने गङ्गा हो" (पृ.१७) । आफूले पति-पुत्रबाट अत्याचार सहेका

र समाजमा आफूजस्तै अन्य महिलाहरूले पनि पुरुषबाट अनेक प्रकारका प्रताडना भेलेको साक्षी बनेका हुनाले यी दुवै नारीहरू पितृसत्ताप्रति आक्रोशित देखिएका छन् । यस तथ्यको पुष्टि केशवप्रसाद उपाध्यायको प्रस्तुत भनाइले गरेको छ– "यी दुवै स्वास्नीमान्छेहरू लोग्नेमान्छेद्वारा प्रताडित भएर पुरुषद्वैषिणी बन्न जान्छन् र प्रमिलापुरी नारी राज्य खडा गर्न सहयोग गर्दछन्" (उपाध्याय, २०५२, पृ.२६९) । यस भनाइले *स्वास्नीमान्छे* नाटकमा अभिव्यक्त पितृसत्तात्मक पृष्ठभूमिको साक्ष्य प्रस्तुत गरेको छ ।

प्रमिलापुरी नारी राज्यमा रहेका नारीहरू सबै पुरुषद्वैषी हुनाको पछाडि पनि पितृसत्तात्मक मूल्य नै कारण बनेको देखिन्छ । युगौँदेखि समाजमा स्थापित यसप्रकारको मूल्यका कारण पुरुषले परिवार तथा समाजमा आफूलाई सर्वेसर्वा ठान्ने तथा नारीमाथि हैकम जमाउने हुनाले नारीहरू पीडित हुन पुगे । सोही पीडाबाट आफू मुक्त हुन तथा आफूजस्तै अन्य नारीहरूलाई पनि मुक्त गराउन उनीहरू लागिपरे । उनीहरूले योग, विज्ञान तथा तन्त्र शक्तिका माध्यमबाट सो समुन्नत नारी राज्य खडा गरे । उनीहरूले पुरुषमाथि विजय प्राप्त गरेर पुरुषलाई आफ्नो अधीनमा राख्न सफल पनि भए । यसो भए पनि त्यहाँ अधीनस्त पुरुषहरू मौन बसेका छैनन् । उनीहरूको मानसिकताबाट पितृसत्तात्मक संस्कार हटेको छैन । त्यसैले शितिकण्ठको अगुवाइमा भित्रभित्रै सङ्गठित भएर उनीहरू आफ्नो गुमेको सत्ता पुनः प्राप्त गर्न प्रयासरत देखिएका छन् ।

नारी सत्ताभित्र दबिएर रहे पनि उनीहरूभित्रको हिंस्रक प्रवृत्ति दबिएको छैन । त्यसैले उनीहरू युद्धको पक्षपाती देखिएका छन् । उनीहरूका मनमा नारीप्रति सम्मान र सद्भाव देखिँदैन, केवल द्वैषभाव देखिन्छ । शितिकण्ठको प्रस्तुत अभिव्यक्तिले यस कुराको पुष्टि गरेको छ– "गोमनलाई सानो देख्यौँ । यी चाण्डाल्नीहरूलाई शिक्षा दियौँ, प्राचीन महर्षिको विचार मानेनौँ । अहिले थाहा पायौँ- गोमन सानो भएर के, यत्रो जालमा उसको विष यमराज जत्तिकै भयङ्कर र ठुलो रहेछ । अहिले हामी जेलिएका छौँ" (पृ.९८) । उनले नारीलाई गोमन सर्पका रूपमा हेरेका छन् अर्थात् शत्रु ठानेका छन् । नारीलाई शिक्षा र स्वतन्त्रता दिन नहुने उनको ठम्याइ छ ।

देवनन्दनको भूमिकाले पनि पितृसत्तात्मक अवस्थातर्फ नै सङ्केत गरेको छ । उनी पनि नारीको अधीनबाट पुरुषको मुक्ति चाहन्छन् । पुरुष शक्तिशाली हुन्छ । उसले आफ्नो पौरुषका भरमा नारी लगायत सबैलाई वशमा राख्नुपर्दछ भन्ने उनको मान्यता छ । त्यसैले उनले भनेका छन्– "अर्नाका सिङ शोभा दिनलाई ध्वजा-पताका ठड्याएका बाँस होइनन्; यिनमा तागत छ"(पृ.९९) । प्रफुल्ल, ग्लौ, विरोचन, नन्दिकेश्वर आदि पुरुष पात्रहरू पितृसत्तात्मक मनोवृत्तिबाट मुक्त छैनन् । ग्लौले पत्नी ज्वालासँग सम्बन्धविच्छेद गर्नुको कारण पनि यही हो । देवनन्दनले छायालाई एकतर्फी प्रेम गर्नु र उसको इच्छाविपरीत हरण गरेर लैजान खोज्नु पनि पितृसत्ताकै उपज हो ।

देवनन्दनले विवाह नै नहुँदै छायालाई आफ्नी स्वास्नी भन्दै उनीमाथि अधिकार जमाउन खोज्दै छन् । नारीलाई आफ्नो स्वामित्वको वस्तु तथा भोग्या ठान्ने प्रवृत्तिका कारण नै उनी छायाको हरण गर्न तत्पर हुँदै भन्छन्– "छायालाई म हरेर लान्छु, छायालाई मबाट खोस्ने हक छायाको पनि छैन - हाम्रा वीर पुरुषहरू उहिले कसरी अबला हरण गर्थे त्यो म देखाउँछु- भीष्म, कृष्ण, अर्जुनहरूले कसरी हरण गरे - हरण पुरुषको धर्म हो - पुरुषार्थ हो" (पृ.१२६) ! यतिमात्र होइन उनी त छायालाई सके जिउँदै नभए मारेर भए पनि लैजान चाहन्छन् ।

*स्वास्नीमान्छे* नाटकको आरम्भमा देखिएका नारी पात्रहरूको भोगाइबाट त्यहाँको पितृसत्तात्मक उत्पीडनको प्रस्तुति भएको छ । भँक्रिनी तथा वनभँक्रिनी यसप्रकारको उत्पीडन खेपेका नारी पात्र हुन् । त्यसपछि प्रमिलापुरी नारी राज्यमा रहेका पुरुषहरूमा पनि पितृसत्तात्मक मानसिकता रहेको देखिन्छ । त्यसैले उनीहरू त्यहाँका नारीविरुद्ध लागेका छन् र अन्त्यमा युद्धका माध्यमबाट नारी राज्य ध्वस्त पारेका छन् ।

## स्वास्नीमान्छे नाटकमा अभिव्यक्त आमूल नारीवादी विचार

समाजमा युगौँदेखि स्थापित पुरुषप्रधानताका कारण पुरुषबाट निरन्तर उत्पीडन झेल्दै आएका नारीहरू अन्ततः पुरुषद्वैषी बनेर उनीहरूसँग प्रतिशोध लिने मानसिकताका कारण विकसित भएको आमूल नारीवादी विचार *स्वास्नीमान्छे* नाटकमा अभिव्यक्त भएको छ । प्रमिलापुरी नारीराज्य यसैको प्रतीक हो । नाटकको आरम्भमा वनझँक्रिनीले "लोग्नेमान्छेलाई स्वास्नीमान्छेको अधीनमा राख्नु यहाँ मेरो प्रतिज्ञा छ" (पृ.१६) भन्नुले पनि यसैतर्फ सङ्केत गरेको छ । पुरुषले आफूमाथि अत्याचार गरेको, आफूहरू अधिकारविहीन अवस्थामा रहेको पृष्ठभूमिबाट उठेर उनीहरू पुरुषको बराबरी मात्र हुन खोजेका छैनन् । उनीहरू त पुरुषश्रेष्ठताको परम्परागत संस्कृतिको भञ्जन गरेर नारीश्रेष्ठताको संस्कृति स्थापना गर्न पुगेका छन् । उनीहरूका अभिव्यक्तिमा पूर्णतः नारीश्रेष्ठता देखिन्छ ।

पुरुषलाई बालकजस्तै कुनै पनि जिम्मेवारीका लागि अयोग्य देख्ने ती नारीहरू पुरुषप्रति श्रद्धा-सद्भाव राख्दैनन् । उनीहरू त पुरुषलाई नारीको समकक्षीसम्म मान्न तयार देखिएका छैनन् । उनीहरूले आफू पहिलो स्थानमा रहेर पुरुषलाई दोस्रो स्थान दिएका छन् । यससम्बन्धमा केशवप्रसाद उपाध्यायको यो भनाइ उल्लेख्य देखिन्छ–

> यी स्वास्नीमान्छे पुरुषद्वारा शासित नभएर स्वयम् शासक छन् । यिनीहरूद्वारा शासित प्रमिलापुरीमा शासनका सबै निकायहरूमा यिनीहरूकै नियन्त्रण छ र पुरुषहरू यिनका अधीनमा कार्यरत छन् । यसकारण पुरुषहरूमा असन्तोष छ र यी युद्ध चाहन्छन् । युद्ध चाहने यी पुरुषहरूलाई साधु तुल्याएर शान्तिप्रिय पार्नु नै प्रमिलापुरीका स्वास्नीमान्छेहरूको मूल समस्या हो । यस समस्याको समाधानका निम्ति स्वभावपरिवर्तन विधिको आविष्कार गर्ने र त्यसद्वारा युद्धप्रिय लोग्नेमान्छेहरूलाई शान्तिप्रिय तुल्यायी संसारबाट हिंसा र युद्ध नामेट पारेर यसलाई सच्चा स्वर्ग बनाउने महान् सङ्कल्प यिनको छ (उपाध्याय, २०५२, पृ.२६८) ।

पितृसत्तात्मक सामाजिक संरचना तथा त्यसभित्रको पुरुषश्रेष्ठताको संस्कृतिले पुरुषमा हिंसा, पौरुष र आत्माभिमान आदि जस्ता गुण स्थापित गरिदिएको छ । त्यसैले पुरुषहरू शक्ति र युद्धका माध्यमबाट सबै थोक प्राप्त गर्न चाहन्छन् । प्रमिलापुरीका नारीहरू पुरुषबाट उनीहरूको सो गुण हरण गर्न चाहन्छन् र उनीहरूमा शान्ति, कोमलता, दया-माया करुणा आदि जस्ता नारी गुण प्रत्यारोपण गर्न चाहन्छन् । पुरुषका कारणबाट युगौँदेखि नारीले उत्पीडन खेप्नु परेको हुनाले उनीहरूसँग सहकार्य नै नगर्ने र पितृसत्तालाई जरैदेखि उखेल्न चाहने आमूल नारीवादी सोच त्यहाँका सबैजसो नारीहरूमा देखिएको छ । आरम्भमा उत्पीडित नारीका रूपमा देखिएका झँक्रिनी र वनझँक्रिनी पछि भा र महदम्बिका नामका सेनानायिका र अनुचरका रूपमा देखिएका छन् । "लोग्नेमान्छे घोडाजस्तै बलिया हुन्छन्, हिँड्दा उनीहरूलाई घोडा चाहिन्न ... हाम्रा सेनानायिकाहरूलाई घोडा नभई हुँदैन मगज दौडाउनेको शरीर ज्यादै भद्दा हुँदो रहेछ" (पृ.३२) भन्ने भाको भनाइमा पुरुषप्रतिको हीनभाव झल्कन्छ । उनले पुरुषलाई बलिया पशुसँग तुलना गरेकी छन् भने मस्तिष्क दौडाउने भन्दै नारीलाई उच्च स्थानमा राखेकी छन् । उनको भनाइमा पुरुष केवल बलको काम गर्दछन् । उनीहरूमा बुद्धि-विवेकको कमी हुन्छ । त्यसैले प्रमिलापुरीको प्रशासन, ज्ञान-विज्ञान, कला, उद्योग, चिकित्सा आदि सबै क्षेत्रको नेतृत्व नारीको हातमा रहेको छ । पुरुषहरू मात्र सहयोगीका रूपमा देखिएका छन्

महारानी धीराधाले मानिसको भाव परिवर्तन गर्न सकिने र त्यो आविष्कार आफ्नो राज्यमा हुँदै गरेको बताउँदा बालकृष्णले प्रकृतिलाई यथास्थानमा नै छाड्नुपर्ने र त्यसमा अवरोध गर्न नहुने तर्क राख्छन् । उनको आशयमा पुरुषको प्राकृतिक गुण परिवर्तन गरी उसलाई नारीकरण गरिनु न्यायसङ्गत हुँदैन । महारानी उनको

तर्कसँग सहमत नभएको यथार्थको साक्ष्य उनका प्रस्तुत भनाइ हुन्– "हो, कृष्णले भावपरिवर्तन गर्न सकेनन्, त्यसैले महाभारत युद्ध भयो, त्यसैले भारत पछिल्तिर धकेलियो । त्यसैले त्यो हामीले सक्नुपऱ्यो, अब रावणहरू सीता आफै फर्काऊन्, दुर्योधनहरू रण बन्द गरेर सारालाई भाइ-अंश दिऊन् ! तमोगुण हिंस्रक पशुको, रजोगुण गाई र कुकुरहरूको भाग लागोस्, मानिस मात्र सत्वगुणी बनून्" (पृ.४४) ! महारानीको उपर्युक्त भनाइबाट के स्पष्ट हुन्छ भने उनीलगायत प्रमिलापुरीका नारीहरू प्रकृतिविरुद्ध जान चाहन्छन् । प्रकृतिले मानिसमा सत्व, रज र तम गरी त्रिगुण दिएको छ । यिनको मात्रा भने व्यक्ति-व्यक्तिमा फरक हुन्छ । उनीहरू पुरुषको भाव परिवर्तन गरी उनीहरूबाट रज र तम गुण झिकेर सत्व गुण मात्र स्थापित गर्न चाहन्छन् । यसबाट पुरुष प्रभावित हुन्छन् किनभने पुरुषमा सत्वभन्दा अन्य गुण बढी हुनाले ऊ आफूलाई शक्तिशाली ठान्छ र आफ्नो बाहुबलमा अहम् गर्छ । नारीहरूले चाहेको भावपरिवर्तन पुरुष-पहिचानमाथिको अतिक्रमण हो ।

प्रमिलापुरीका सबै नारीहरू परम्परागत मूल्य विरुद्ध उग्र र आक्रामक देखिन्छन् । अर्गला र अश्विनी (सेना नायिका), ईलि (प्रधान सेना नायिका), कादम्बिनी (वैज्ञानिक चिकित्सिका), ज्वाला (कलाकारिका), शेफालिका (दार्शनिका), ऋता (ऋषिका), आस्फोता (कवयित्री), वसुन्धरा (प्रधान अध्यापिका) आदि भूमिकामा रहेका सबै नारी पात्रहरू नारीप्रधानताको मूल्यद्वारा प्रेरित देखिएका छन् । युगौंदेखि समाजमा पुरुषद्वारा महिला शासित भएको र उनीहरूको आत्मसम्मान हरिएकोमा यिनीहरूले रोष प्रकट गरेका छन् । उनीहरू त्यो इतिहास मेटाउन चाहन्छन् जसमा महिला ओझेलमा परेका छन् । यस तथ्यको साक्षी शेफालिकाको प्रस्तुत अभिव्यक्तिले दिएको छ–

> बुद्ध, जिजस र गान्धी यी तीनै जनामा स्वास्नीमान्छेकै प्रेम, अहिंसा, स्वार्थत्याग, सेवा इत्यादि गुण थिए । उनीहरू सधैँ शत्रुलाई क्षमा गर्दथे । आफ्नै सुवासमा तर हजारौँ स्त्रीबुद्ध, स्त्रीजिजस, स्त्रीगान्धी निर्जन वनको फूलजस्तै लय भएर मरे । संसारको रक्तपात सहन नसकेर मरेका यशहीन हजारौँ स्त्रीबुद्धको नाम खोइ ? दुराचारी अन्यायी लोग्नेमान्छेको अत्याचारले फुटेको मुटुको रगत मुखसम्म आउँदा पनि कसैलाई नदेखाई ओठ टम्म गरेर मर्ने हजारौँ स्त्रीजिजसको नाम खोइ ? सुत्केरी सौताको भात पकाउन बस्ता आँसु परी दाउरा चाँडो नबलेकोमा ढिलो भयो भनेर आफूले हृदयसर्वस्व सुम्पेको पोइले गाली गर्दा मस्तिष्क बन्द भई चुल्हो अघिल्तिर घुप्लुक्क परेर मरेका हजारौँ स्त्रीगान्धीको नाम खोइ ? (पृ.७८-७९)

उपर्युक्त अभिव्यक्तिमा पितृसत्तात्मक मूल्यभित्र महिलाले झेलेका उत्पीडनप्रतिको आक्रोश अभिव्यक्त भएको छ । यसका साथै महिलाको त्याग र महान्ताका कुरा इतिहासको पानामा नलेखिने विभेदकारी परम्पराप्रति गुनासो पनि यसमा छ । प्रेम, अहिंसा, स्वार्थत्याग, सेवा आदि महिलाका गुण हुन् । जुन पुरुषसँग यस्ता गुण हुन्छन् उनीहरू समाजलाई सत्मार्ग देखाउन सक्छन् भन्ने शेफलिकाको ठम्याइ छ । महिला पुरुषको अधीनको वस्तु नभएर ऊ त अनुकरणीय हो भन्ने मान्यताका कारण प्रमिलापुरीमा पुरुषमा नारीभाव आरोपित गर्ने प्रयास गरिएको छ । त्यहाँ पुरुषप्रति नारीको धारणा कति हेयपूर्ण छ भन्ने कुराको उदाहरण धाईले नोकरलाई भनेको यो भनाइ पनि हो– "लोग्नेमानिस किन यस्ता फोहोरी । दारी जुँगा आउने जात भएर हो कि । फोहोरले रोग बढ्छ भन्ने लाग्नुपर्छ कि पर्दैन मनमा ! अहिले त्यो जुत्ता फुकाल्न लाएर हेर्नुभो भने यसको खुट्टा सम्झेर तपाईं भरे छाक छोड्नुहुन्छ । कस्तो काखीगन्धे, जति भने पनि लाग्दैन । उतातिर भए यो यही खुट्टाको पानी स्वास्नीलाई कोचाउँथ्यो" (पृ.१०७) । लोग्नेमान्छे आफ्नो सरसफाइसम्म गर्न नसक्ने फोहोरी भएको र पुरुषप्रधान समाजमा त्यस्ता पुरुषले पनि नारीमाथि प्रभुत्व जमाउँछन् भन्ने आशय यसमा रहेको छ । धाईको भनाइमा पुरुषभन्दा महिला धेरै माथि छन् ।

पुरुषप्रति नारीको नकारात्मक दृष्टिकोणको अर्को उदाहरण हो भाको यो भनाइ– "महारानीको यस्ता गधालाई मलेर गाई बनाउँछु भन्ने जिद्दी छ, हेरूँ, तर सङ्गतले धेरै हुँदोरहेछ" (पृ.१०८) । यस भनाइमा लोग्नेमान्छेलाई हीनतर पशु गधासँग तुलना गरिएको छ । गधा मलेर गाई बनाउनु भनेको पुरुषमा सत्वगुण

प्रत्यारोपण गरी असल बनाउनु हो । नारी भने प्रकृतिबाटै सत्वगुणी भएका हुनाले भावपरिवर्तन आवश्यक देखिँदैन ।

जसरी आमूल नारीवादीहरू परम्परागत मूल्यमा सुधार होइन त्यसलाई फालेर नयाँ मूल्य स्थापित गर्न चाहन्छन् र पुरुषसत्ताद्वारा प्रदान गरिएको पहिचान उनीहरूलाई मान्य छैन त्यसरी नै यस नाटकका नारी पात्रहरू पनि सुधारमा नभई परिवर्तनमा विश्वास गर्दछन् । उनीहरू पनि पुरुषसँग सहकार्य गर्न चाहँदैनन् । पुरुषले नारीलाई अधीनमा राखी अत्याचार गरेको बदलामा उनीहरू पनि पुरुषलाई अधीनमा राख्न चाहन्छन् । उनीहरू पुरुषलाई बालक ठान्दछन् । यसको उदाहरण हो वनझँक्रिनीको यो भनाइ– "अहिले लोग्नेमान्छे बालक छ, बालकको दुर्गुण उसमा छ" (पृ.१६) । लोग्नेमान्छेलाई आफ्नो समकक्षी वा प्रतिद्वन्द्वीका रूपमा मान्न तयार नहुनु उनीहरूको उग्र विचार हो ।

*स्वास्नीमान्छे* नाटकका नारी पात्रहरूमा धीराधा, ऋता, कादम्बिनी केही उदार र समझदार देखिए पनि ज्वाला, आस्फोता, भा, महदम्भिका, छाया आदि उग्र विचारधाराका छन् । यिनीहरू पुरुषश्रेष्ठताको संस्कृतिलाई जरैदेखि उखेलेर नारीश्रेष्ठताको संस्कृति स्थापित गर्न चाहन्छन् । त्यहाँका पुरुषहरू बाध्यताले नारीको मातहतमा बस्नुपरे पनि भित्रभित्रै असन्तुष्ट छन् । उनीहरूको असन्तोष देवनन्दन, प्रफुल्ल आदिका माध्यमबाट बाहिरिन थालेको र शितिकण्ठले पुरुषहरूलाई विद्रोही बनाउदै लगेको सन्दर्भमा पनि राज्यको प्रमुख निकायमा रहेका महिलाहरू उनीहरूसँग संवाद र समझदारी गर्न तयार देखिएका छैनन् । उनीहरू त पुरुषका विचार सुन्नसमेत तयार छैनन् ।

ऋता र कादम्बिनीको प्रयासबाट भावपरिवर्तनसम्बन्धी आविष्कार सफल भएपछि त्यसको प्रयोग देवनन्दनमा गर्ने निर्णय हुन्छ । यसले त्यहाँका पुरुषहरूलाई थप आक्रोशित बनाउछ । नन्दिकेश्वर, प्रफुल्ल, विरोचन आदिले कादम्बिनी र छायालाई घेरा हाल्दै देवनन्दनको शल्यक्रिया गरेमा ज्यान मार्ने धम्की दिन्छन् । प्रफुल्लले "गऱ्यौ-मऱ्यौ" (पृ.१५७) भन्दा कादम्बिनीले "गर्छु र मर्छु" (पृ.१५७) भन्छिन् । उनी आफ्नो विचारमा पुनर्विचार गर्न तयार छैनन् । उनीजस्तै अन्य नारी पात्रहरूमा पनि पुरुषप्रति सहानुभूति देखिँदैन ।

देवनन्दनबाट आरम्भ गरेर हिंस्रक पुरुषहरूको भाव परिवर्तन गराउने निर्णय महारानीबाट भएपछि प्रमिलापुरीका पुरुषहरू खुलेर विरोध गर्दछन् । उनीहरू आफ्ना जिम्मेवारी छाडेर विद्रोहमा उत्रन्छन् । राज्यमा विषम परिस्थिति सिर्जना हुन्छ । घरपरिवारमा नारीपुरुषबिच वैमनष्यता उत्पन्न हुन्छ । ज्वाला र ग्लौबिच सम्बन्धविच्छेद हुन्छ तर पनि ज्वाला समझदारीमा आउँदिनन् । "हाम्रो गोलीगाँठोभन्दा माथि टाउको उठाउने स्त्रीहरू अब मूडकट्टा बन्नेछन्" (पृ.१८७) भन्ने ग्लौको भनाइबाट त्यहाँका पुरुषहरू अत्यन्त विद्रोही भएर महिलामाथि हिंस्रक रूपमा प्रस्तुत हुन लागेको सङ्केत हुन्छ । यस्तो अवस्थामा पनि ती नारीहरू न समझदारीको अवस्थामा हुन्छन् न त पुरुषसामु झुक्न नै तयार छन् ।

प्रमिलापुरीमा पुरुष महिलाको अधीनमा भएका हुनाले बिहेपश्चात् पुरुष महिलाको घरमा जाने प्रचलन लेखिन्छ । भाले बालकृष्णलाई घुमाउन लैजाँदा तैलयान बिग्रेर बनाउन जाँदा ती मिस्त्रीका सन्तान छन् कि छैनन् भन्ने बालकृष्णको प्रश्नको जबाफमा भाले दिएको उत्तरले यसलाई पुष्टि गरेको छ–"एउटी छोरी विश्वविद्यालयमा अध्यापिका छन् एउटा छोरा बिहा गरेर अर्कैको प्रिय बनेर उनकै घर गएका छन्" (पृ.१९०) । यसप्रकारको मातृसत्तात्मक मूल्य शिरोपर गरेर बसेका पुरुषहरूलाई विद्रोह गर्न प्रेरित गर्ने मूल कारक त्यहाँका महिलाहरूको उग्र नारीवादी सोच नै हो । देवनन्दनको व्यवहार आपराधिक थियो । त्यसका लागि उनलाई कानूनबमोजिम दण्डित गर्न सकिन्थ्यो तर महारानीले उनलाई भावपरिर्वतका लागि पहिलो प्रयोग बनाएकी छिन् । यसले त्यहाँका पुरुषहरूलाई झनै उग्र र विद्रोही बनाएको छ ।

भावपरिवर्तनको निर्णय भएपछि त्यसप्रति पुरुषहरूले विद्रोह गरेको हुनाले प्रमिलापुरीमा ठुलै अनिष्ट हुने सम्भावना रहँदारहँदै पनि महारानी लगायत अन्य नारीहरूले सो निर्णयप्रति पुर्विचार नगर्नुले उनीहरूमा रहेको उग्र नारीवादी मानसिकताको पुष्टि गर्दछ । उनीहरू पुरुषको प्रकृतिप्रदत्त गुण अतिक्रमण गर्न उद्दत देखिएका छन् । बाहिरको विद्रोहलाई बेवास्ता गर्दै महारानीको आज्ञाले कादम्बिनीले देवनन्दनको शल्यक्रिया सम्पन्न गर्दछिन् । त्यसपछि पुरुषहरूको आक्रोश चरम अवस्थामा पुग्दछ । भावपरिवर्तन पौरुषगुण हरण गर्नु हो भन्ने यथार्थको साक्ष्य भावपरिवर्तन गरेपछिको देवनन्दनका बारेमा शितिकण्ठको प्रस्तुत भनाइले दिएको छ–

> लोग्नेमानिस स्वास्नीमानिस बन्नु स्वास्नीमानिस लोग्नेमानिस बन्नु यसैको नाम कलि हो । यी देवनन्दन मेरा शिष्य हुन्- हुन्, होइन, थिए, यिनमा सिंहको जस्तै स्फुर्ति थियो । बाघको जस्तै तेज थियो, अर्नाको जस्तै बल थियो, बँदेलको जस्तै साहस थियो, हुँडारको जस्तै दृढ सङ्कल्प थियो । खोइ ? देवनन्दन खोइ ? जुन मानिसको मनमा भीष्म, कृष्ण र अर्जुको जस्तै स्त्रीहरण गर्ने उत्साह थियो, ऊ अहिले आफै अरूले हरिएकी दुलहीझैँ निहुरिएर यत्रो जनसमूहको अगिल्तिर गलेर दबेर भास्सिएर धिक्कार (पृ.२०६) !

भावपरिवर्तनपश्चात् देवनन्दनमा जुन सात्विक प्रवृत्ति आएको छ त्यसलाई शितिकण्ठ र उनका अनुयायीहरू नारीत्व मान्दछन् । ती पुरुषको ठम्यायी जेजस्तो भए पनि पुरुषको स्वभाव नै परिवर्तन गरिदिनु न्यायसङ्गत देखिँदैन । ती नारीहरूको यसप्रकारको निर्णय घातपछिको प्रतिघातका रूपमा देखिएको छ । युगौँदेखि पुरुषप्रधान संस्कृतिले उत्पीडित नारीहरूले सो उत्पीडनबाट आफूलाई सो उत्पीडनबाट सदाका लागि मुक्त गर्न पितृसत्ताको समूल अन्त्य चाहेजस्तै प्रमिलापुरीका नारीहरू पनि पुरुषप्रधानताले पुनः शिर उठाउला भनी त्यसको जरैदेखि अन्त्य गर्न तत्पर देखिएका छन् । यी नारी पात्रहरूका माध्यमबाट *स्वास्नीमान्छे* नाटकमा आमूल नारीवादी विचारको अभिव्यक्ति गरिएको छ ।

**निष्कर्ष**

आमूल नारीवादी सैद्धान्तिक मान्यताका आधारमा *स्वास्नीमान्छे* नाटकको विश्लेषण गरेपछि यस नाटकमा आमूल नारीवादी विचारको अभिव्यक्ति भएको निष्कर्ष निकाल्न सकिन्छ । नाटकमा पितृसत्तात्मक उत्पीडनको पृष्ठभूमिबाट आमूल नारीवादी विचार मुखरित भएको छ । नाटकको आरम्भमा पितृसत्तात्मक सामाजिक परिवेशभित्र नारी पात्रहरू पुरुषद्वारा प्रताडित भएका छन् । त्यसपछि ती उत्पीडित नारीपात्रहरूले पुरुषसत्तालाई जरैदेखि उखेलेर नारीसत्ता स्थापित गर्ने प्रयास गरेका छन् । सोही प्रयासअनुसार तन्त्र, योग तथा विज्ञानका माध्यमबाट प्रमिलापुरी नारी राज्य खडा गरेका छन् । अत्यन्त समुन्नत सो राज्यका सबै निकायमा नारी नै प्रमुख भूमिकामा रहेका छन् । उनीहरू पुरुषलाई कुनै पनि जिम्मेवारी लिन अयोग्य बालकका रूपमा हेर्दछन् । नाटकमा अभिव्यक्त आमूल नारीवादी विचारको उत्कर्ष त्यहाँका नारीहरूले पुरुषको भावपरिवर्तन गर्ने निर्णय गर्नु हो । त्यहाँ शल्यक्रियाद्वारा पुरुषमा सात्विक एवम् नारीउचित भाव प्रत्यारोपण गरिएको छ । यसरी पुरुषको स्वभाव अतिक्रमण गर्नु आमूल नारीवादी विचार हो । यही विचार र व्यवहारका कारण नारी-पुरुषबिचको द्वन्द्वमा प्रमिलापुरी राज्य नै ध्वस्त हुनाका साथै नारी-पुरुष सबैको अस्तित्व समाप्त भएको छ । नारी र पुरुषबिचको सहकार्य तथा सहअस्तित्वबाट नै मानव सभ्यताको स्थायित्व हुन्छ । यी दुई पक्ष एक अर्काका विरुद्ध द्वैषभाव लिएर उग्र रूपले प्रतिस्पर्धामा लाग्ने हो भने मानव सभ्यता र अस्तित्व नै सङ्कटमा पर्न सक्छ भन्ने समन्वयवादी चिन्तन समको यस नाटकको मूल प्राप्ति पनि हो ।

## सन्दर्भ सामग्री

उपाध्याय, केशवप्रसाद. (२०५२). *समको दुखान्त नाट्यचेतना.* (दो.संस्क.). काठमाडौँ : साझा प्रकाशन ।
टङ, रोसम्यारी. (सन् १९८९). *फेमिनिस्ट थट.* बाउल्डर र सनफ्रान्सिस्को : वेस्टभ्यु प्रेस ।
भासीन, कमला. (सन् १९९८). *ह्वाट इज प्याट्रियार्की ?.* (दोस्रो संस्क.). न्यु देहली : कली फर विमिन ।
मिलेट, केट. (सन् २०००). *सेक्सुअल पोलिटिक्स.* सिकागो : युनिभर्सिटि अफ इलिनोइज प्रेस ।
म्याड्सेन, डेबोरा एल. (सन् २०००). *फेमिनिस्ट थ्योरी एन्ड लिटरेरी प्राक्टिस.* लन्डन : प्लुटो प्रेस. ।
सम, बालकृष्ण.(२०५०). *स्वास्नीमान्छे.* (दो.संस्क.). काठमाडौँ : साझा प्रकाशन ।